# गाउँका कृषि मजदुरको जीवन स्तर र शैली: चुनौती र सुधारका उपाय

गंगाराम मेहता *

## १. परिचय

नेपाल एक कृषि-प्रधान देश हो, जसमा कूल जनसङ्ख्याको लगभग ६५ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्दछ र मुख्य रूपमा कृषि कार्यमा संलग्न छ। यस क्षेत्रले देशको सकल घरेलू उत्पादन (जीडीपी) मा लगभग २७ प्रतिशतको योगदान पुऱ्याउँदै राष्ट्रिय अर्थतन्त्रको आधारभूत संरचना निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। यस कृषि अर्थतन्त्रको मेरुदण्ड ग्रामीण क्षेत्रका कृषि मजदूरहरू हुन्, जसले खाद्यान्न उत्पादन गर्नुको साथै रोजगारी सृजना र आर्थिक गतिविधिहरूमा गतिशीलता ल्याउन अहम् योगदान दिइरहेका छन्। तर, विडम्बना यो छ कि यी योगदानकर्ता मजदूरहरू नै गरीबी, आर्थिक असमानता, स्वास्थ्य समस्या, शिक्षाको अभाव र सामाजिक बहिष्कार जस्ता गहिरो चुनौतीहरूबाट सबैभन्दा बढी प्रभावित छन्। उनीहरूको जीवन र योगदानबीचको यो असमानता नेपालको विकास यात्राको एउटा गम्भीर विरोधाभास हो।

गरीबी र आर्थिक असमानता यस समूहको सामना गरिरहेको प्राथमिक चुनौती हो। ग्रामीण क्षेत्रमा धेरै मजदूरहरू केही कठ्ठा जग्गाका मालिक वा पूर्ण रूपमा भूमिहीन हुन्छन्, जसले उनीहरूलाई जीवननिर्वाहको लागि ठेकेदार वा जमीनदारहरूको हातमा निर्भर बनाउँछ। यसले न्यून मजदुरी, अनिश्चित रोजगारी र शोषणको चक्र सिर्जना गर्दछ। विश्व बैंकको नेपाल विकास अपडेट (२०२५) ले कृषि क्षेत्रको वृद्धिदरमा स्थिरता आए तापनि बाढी, खडेरी र जलवायु परिवर्तनजस्ता प्राकृतिक विपद्हरूले उत्पादन र आयलाई अत्यधिक अनिश्चित बनाएको बताएको छ। यस आर्थिक असुरक्षाले मजदूरहरूको जीवनस्तरलाई थप नाजुक बनाएको छ। ज्याला असमानताले यो समस्यालाई अझ जटिल बनाएको छ। राष्ट्रिय श्रमिक महासङ्घ नेपाल (२०२५) को अनुसार, कृषि क्षेत्रमा महिला मजदूरहरूले पुरुषको तुलनामा कम ज्याला पाउँछन्। महिलाको दैनिक औसत ज्याला रू. ५५३.९ छ भने पुरुषको रू. ६२६.१ छ, जसले लिङ्गगत ज्याला अनुपात मात्र ०.९ रहेको देखाउँछ। यो असमानता जाति, क्षेत्र र सामाजिक वर्गका आधारमा पनि गहिरिएको छ।

शिक्षा र सीप विकासको अभावले यो समस्या लामो चल्ने बनाएको छ। ग्रामीण क्षेत्रमा शिक्षाको न्यून पहुँचले मजदूरहरू, विशेष गरी युवा पुस्तालाई, आधुनिक कृषि प्रविधि, बजार व्यवस्थापन र वैकल्पिक रोजगारीका सीपहरूबाट वञ्चित गरेको छ। यसले उनीहरूलाई परम्परागत, कम उत्पादक र कम आयदायी काममै सीमित राखेको छ, जसले गरीबीको चक्रलाई निरन्तरता दिइरहेको छ।

## २. पृष्ठभूमि

नेपाली समाजमा कृषि मजदूरहरूको भूमिका सामाजिक-आर्थिक इतिहाससँग गहन रूपमा जोडिएको छ। प्राचीन देखि मध्यकालीन समयसम्म, कृषि आधारित अर्थव्यवस्थामा विभिन्न जातीय समूहहरूको श्रम विभाजन थियो, जसले आधुनिक समयमा पनि सामाजिक रूपमा पिछडिएका समुदायहरूको कृषि मजदूरको रूपमा केन्द्रीकरणलाई प्रभावित गरेको छ। सप्तरी जिल्ला, नेपालको तराई क्षेत्रमा अवस्थित, यसको उपजाउ जमीन र धान, गहुँ, मकै र उखु जस्ता नगदे बालीको उत्पादनका लागि प्रसिद्ध छ। तर यहाँको कृषि पूर्ण रूपमा प्रकृतिमाथि निर्भर छ। अग्निसाइर कृष्णासवरन गाउँपालिका यस जिल्लाको एक प्रतिनिधि ग्रामीण क्षेत्र हो, जहाँको अर्थतन्त्र र समाज कृषिमा आधारित छ।

अग्निसाइर कृष्णासवरन क्षेत्रमा धेरै कृषि मजदूर दलित (विशेष गरी मुसहर, चमार समुदाय) र अन्य सामाजिक-आर्थिक रूपमा पिछडिएका समूहहरूमा केन्द्रित छन्। यसले ऐतिहासिक रूपमा चलिआएको सामाजिक विषमता र आर्थिक शोषणको चक्रलाई जीवित राखेको छ। उनीहरूको दैनिक जीवन मौसमी काम (धान रोपाई, निदाउने, काट्ने; गहुँ काट्ने; उखु काट्ने) मा केन्द्रित हुन्छ, जुन सामान्यतया वर्षको ४ देखि ६ महिना सम्म हुन्छ। बाँकी समयमा रोजगारीको अभाव हुन्छ, जसलाई

'कामको अकाल' (Employment Famine) को रूपमा चिनिन्छ। यस अवधिमा धेरै मजदूरहरू स्थानीय साना व्यवसायमा अवसर खोज्छन् वा ऋण लिन बाध्य हुन्छन्। युवा पुस्ता रोजगारीको खोजीमा राजधानी काठमाडौं वा भारत जस्ता विदेशी मुलुकतिर पलायन गर्छन्, जसले गाउँमा बृद्ध र महिलाहरू मात्रै बाँकी रहन्छन्, जसलाई 'फेमिनाइज्ड एण्ड एज्ड एग्रिकल्चर' (Feminized and Aged Agriculture) को अवस्था भनिन्छ।

**३. अनुसन्धानका उद्देश्यहरू**

यस अनुसन्धानका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

**सामान्य उद्देश्य:** सप्तरी जिल्लाको अग्निसाइर कृष्णासवरन गाउँपालिका क्षेत्रमा रहेका कृषि मजदूरहरूको जीवन स्तर, दैनिक शैली, सामना गरिरहेका चुनौतीहरू र भविष्यका सम्भावनाहरूको गहन अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु।

**विशिष्ट उद्देश्यहरू:**

- अध्ययन क्षेत्रका कृषि मजदूरहरूको दैनिक जीवनशैली, कार्य घण्टा, कार्यको प्रकृति, मजदुरी दर र मौसमी रोजगारीको चक्र को पहिचान र विवरण तयार पार्नु।
- उनीहरूको आर्थिक अवस्था को मूल्याङ्कन गर्नु; जसमा आयका स्रोतहरू, गरीबीको चक्र, ऋणको बोझ, बचतको अवस्था र वैकल्पिक आय आर्जनका सम्भावनाहरूको अध्ययन समावेश हुनेछ।
- कृषि मजदूरहरूको स्वास्थ्य स्थिति (शारीरिक र मानसिक दुवै), शैक्षिक पहुँच र सामाजिक समावेशीकरण (जाति, लिङ्ग, अशक्तता आधारित भेदभाव) का दृष्टिकोणबाट उनीहरूको जीवनमा पारेको प्रभावको विश्लेषण गर्नु।
- जलवायु परिवर्तन (बाढी, खडेरी, अनियमित वर्षा) ले परम्परागत कृषि चक्र र मजदूरहरूको रोजगारीमा कस्तो परिवर्तन ल्याएको छ भन्ने कुराको अध्ययन गर्नु।
- अध्ययनको निष्कर्षहरूको आधारमा, कृषि मजदूरहरूको जीवनस्तरमा सुधार ल्याउने, उनीहरूलाई सामाजिक-आर्थिक रूपमा सशक्तिकरण गर्ने र टिकाऊ कृषि अभ्यास लाई प्रोत्साहन गर्ने दिशामा व्यावहारिक नीतिगत र कार्यक्रममूलक सुझावहरू प्रस्तुत गर्नु।

**४. समस्या कथन / अनुसन्धान प्रश्न**

नेपालको आर्थिक विकास र सामाजिक न्यायको लक्ष्य प्राप्त गर्न कृषि मजदूरहरूको सम्मानजनक जीवनस्तर एक पूर्वआवश्यक शर्त हो। तर, यो समूह ऐतिहासिक, सामाजिक, आर्थिक र वातावरणीय कारणहरूको जटिल जालमा फसेको छ, जसले उनीहरूको उन्नतिलाई अवरुद्ध गरेको छ।

**मुख्य समस्या कथन:** सप्तरी जिल्लाको अग्निसाइर कृष्णासवरन गाउँपालिका क्षेत्रका कृषि मजदूरहरू गम्भीर बहुआयामिक गरीबी (Multidimensional Poverty) को शिकार छन्।

यस समस्या कथनलाई विस्तार र गहनाई दिन तलका अनुसन्धान प्रश्नहरू तयार पारिएका छन्:

- अग्निसाइर कृष्णासवरन क्षेत्रका कृषि मजदूरहरूको दैनिक कार्यशैली, कार्य सर्तहरू (घण्टा, मजदुरी, सुरक्षा) र वार्षिक आय चक्र कस्तो छ? मौसमी परिवर्तनले यसमा कस्तो असर गर्छ?
- उनीहरूको आर्थिक अवस्था कस्तो छ? गरीबीको चक्रलाई टुट्न रोक्ने प्रमुख कारकहरू (जस्तै ऋण, स्वास्थ्य खर्च, शिक्षा अभाव) के-के छन्?
- स्वास्थ्य सेवामा पहुँच, शिक्षा प्राप्तिको अवस्था र जाति/लिङ्ग आधारित सामाजिक असमानताले मजदूरहरूको जीवन स्तर र भविष्यका आकांक्षाहरूमाथि कस्तो प्रभाव पारिरहेको छ?
- जलवायु परिवर्तन (बाढी, खडेरी) ले स्थानीय कृषि अभ्यास र मजदूरहरूको रोजगारी सुरक्षामा कस्तो परिवर्तन ल्याएको छ? उनीहरूले यस अनुकूलन गर्न के-के रणनीति अवलम्बन गरेका छन्?

- यी सबै चुनौतीहरूको समाधान गर्दै कृषि मजदूरहरूको जीवनस्तर सुधार्न र उनीहरूलाई सशक्त बनाउन के-के नीतिगत हस्तक्षेप (Policy Interventions), सामुदायिक पहल (Community Initiatives) र संस्थागत सुधार (Institutional Reforms) आवश्यक छन्?

**५. सन्दर्भ सामग्री अध्ययन**

कृषि मजदूरहरूको स्थितिबारे नेपाल र विश्वभर धेरै अध्ययनहरू भएका छन्, जसले यो समस्या कति व्यापक र गम्भीर छ भन्ने कुरा संकेत गर्दछ।

नेपाली सन्दर्भमा: नेपाल सरकारको कृषि मन्त्रालयको विभिन्न प्रतिवेदनहरू (जस्तै सांख्यिकीय सूचना पुस्तिका, २०२४) ले कृषि क्षेत्रमा उत्पादकताको ठुलो चुनौती रहेको र मजदूरहरूको आय स्तर न्यून रहेको बताएका छन्। नेपाल कृषि जनगणना २०२१/२२ ले देशमा कृषिमा लाग्ने श्रमिकहरूमा महिलाको संख्या (५५७,०००) पुरुष (४१२,०००) भन्दा बढी रहेको देखाएको छ, जसले ग्रामीण श्रमबलमा महिलाको प्रमुख भूमिलाई जनाउँछ। राष्ट्रिय श्रमिक महासङ्घ नेपाल (२०२५) को प्रतिवेदनले कृषि क्षेत्रमा ज्याला असमानता, सामाजिक सुरक्षाको अभाव र शोषणका घटनाहरू उल्लेख गरेको छ। स्पटलाइट नेपाल (२०२५) को एक लेखले ग्रामीण समृद्धिका लागि कृषि आधुनिकीकरण जरुरी रहेको तर्क गरेको छ।

अन्तर्राष्ट्रिय सन्दर्भमा: अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को 'Rural Workers' Rights Report (२०२३)' ले विश्वभरि ग्रामीण श्रमिकहरू (जसमा कृषि मजदूर पनि पर्दछन्) अधिकार हनन, असुरक्षित कार्य वातावरण र सामाजिक सुरक्षा बहिष्कारको सामना गरेको देखाएको छ। विश्व बैंक को 'Rural Poverty in Nepal: Challenges and Opportunities (२०२२)' र 'नेपाल विकास अपडेट (२०२५)' जस्ता प्रकाशनहरूले नेपालको ग्रामीण गरीबीको बहुआयामिक प्रकृति, जसको केन्द्रमा कृषि मजदूर छन्, र त्यसका लागि समन्वित नीतिगत प्रयास आवश्यक रहेको बताएका छन्। Planeteer Innovative (२०२५) को प्रतिवेदनले नेपालको कृषि-खाद्य प्रणालीमा रहेका चुनौती र अवसरहरूको विश्लेषण गरेको छ।

शोधको खाडल (Research Gap): धेरै अध्ययनहरू राष्ट्रिय तथ्याङ्क वा सैद्धान्तिक विश्लेषणमा केन्द्रित छन्। सानो, स्थानीयकृत गाउँपालिका स्तरको विशिष्ट सन्दर्भमा कृषि मजदूरहरूको दैनिक जीवनको मानवीय पक्ष (Human Face), उनीहरूको आवाज (Voices) र स्थानीय अनुकूलनका रणनीतिहरू (Local Adaptation Strategies) लाई समेट्ने गहन गुणात्मक अध्ययन अपेक्षाकृत कम छन्। यस अनुसन्धानले यही खाडल पूरा गर्ने प्रयास गर्दछ। यसले अन्तर्राष्ट्रिय र राष्ट्रिय सैद्धान्तिक ढाँचाहरूलाई सप्तरीको अग्निसाइर कृष्णासवरनको स्थानीय वास्तविकतासँग जोडेर, नीति र व्यवहारबीचको अन्तरलाई पनि उजागर गर्न खोज्दछ।

**६. अनुसन्धान विधि**

यो अनुसन्धान प्रमुख रूपमा गुणात्मक अनुसन्धान विधि (Qualitative Research Method) मा आधारित छ, जसको लक्ष्य कृषि मजदूरहरूको जीवन अनुभव, भावना, दृष्टिकोण र सामना गरिरहेका चुनौतीहरूलाई गहिरो रूपमा बुझ्नु हो। यो विधि सङ्ख्यात्मक तथ्याङ्कभन्दा मानवीय कथा (Human Narrative) र सन्दर्भ (Context) माथि ध्यान केन्द्रित गर्दछ, जुन यस्तो सामाजिक-आर्थिक अध्ययनका लागि अत्यन्त उपयुक्त हुन्छ। तथापि, अध्ययनलाई सन्तुलित बनाउन केही मात्रात्मक तथ्याङ्कहरू (जस्तै ज्याला दर, कार्य घण्टा) पनि माध्यमिक स्रोतबाट समावेश गरिएको छ।

**तथ्याङ्क सङ्कलनका विधिहरू:**

- गहन अन्तर्वार्ता
- प्रत्यक्ष अवलोकन
- माध्यमिक स्रोत विश्लेषण
- नैतिक विचार

**तथ्याङ्क विश्लेषण विधि:** सङ्कलित गुणात्मक तथ्याङ्क (अन्तर्वार्ता र अवलोकनबाट प्राप्त जानकारी) को विश्लेषण विषयगत विश्लेषण (Thematic Analysis) विधिद्वारा गरिएको थियो।

**अनुसन्धानका सीमाहरू:** यो अध्ययन सानो नमूना आकार (केवल ४ जना मजदूर) मा आधारित छ, जसले गर्दा यसका निष्कर्षहरू सम्पूर्ण गाउँपालिका वा नेपाली कृषि मजदूरको प्रतिनिधित्व गर्न सक्दैनन्।

**७. जानकारी, तथ्याङ्क, सूचना सङ्कलनको विवरण**

तथ्याङ्क सङ्कलन प्रक्रिया अनुसन्धानको केन्द्रिय भाग भएकोले यसलाई सावधानीपूर्वक सम्पादन गरिएको थियो।

- प्राथमिक तथ्याङ्क सङ्कलन (अन्तर्वार्ता निष्कर्ष): अन्तर्वार्ता लिएका ४ जना कृषि मजदूरहरू (२ महिला, २ पुरुष) र ३ जना हितधारकहरूसँग लिइएको थियो। अन्तर्वार्ताका लागि तयार गरिएको अर्ध-संरचित प्रश्नावलीमा निम्न क्षेत्रहरू समावेश थिए:
- पारिवारिक पृष्ठभूमि र जीविकाको इतिहास।
- दैनिक कार्यक्रम, कार्य घण्टा र मजदुरी दर।
- वार्षिक आय चक्र र मौसमी बेरोजगारीको व्यवस्थापन।
- स्वास्थ्य समस्या र स्वास्थ्य सेवामा पहुँच।
- शिक्षा र सीप विकासको अवसर।
- जाति, लिङ्ग आधारित भेदभावको अनुभव।
- जलवायु परिवर्तनको प्रभाव र अनुकूलनका उपाय।
- भविष्यका आशा र आकांक्षा।

मञ्जु सदा (५२ वर्ष, महिला): "हामी मुसहर जातका हौं। सारा दिन धानको खेतमा झुकेर काम गर्छौं। दिनको ५०० रुपैयाँ पाउँछौं, तर काम चाहिँ सबै दिन हुँदैन। बाढी आयो भने महिनौंसम्म काम हुँदैन। घरमा दुवै छोरा काठमाडौं गएका छन्, तिनीहरूको पनि स्थिर काम छैन। आँखा दुख्छ, कम्मर दुख्छ, तर डाक्टरको लागि पैसा कहाँ?"

विजन्दू सदा (४८ वर्ष, पुरुष): "मेरो आम्दानी मौसममा मात्र हुन्छ। ६ महिना काम गरेर जति कमाउँछु, त्यसैले बाँकी ६ महिना पनि काट्नुपर्छ। साहू (साहुकार) बाट ऋण लिएर बस्छौं। ब्याज धेरै हुन्छ। केही नयाँ सिकेर अर्को काम गर्न खोज्छु, तर सिक्ने ठाउँ र समय कहाँ?"

जहुरण खातुन (३५ वर्ष, महिला): "हामीलाई पुरुषभन्दा कम तलब दिन्छन्। भन्छन्, 'तिमीले त झन्डै तिनीजस्तो काम गर्न सक्दैनौ'। खेतमा कीटनाशक छर्दा मुख नाक कापेर काम गर्नुपर्छ, नत्र मालिकले काम दिँदैन। टाउको दुख्ने भयो, डाक्टरले रक्तचाप भएको भने, अब के गर्ने?"

**सरोकारवालाहरूबाट प्राप्त दृष्टिकोण:**

शिक्षक रामकुमार मेहता: "यहाँका धेरै मजदूरका छोराछोरी स्कुल छोडेर काममा लाग्छन्। आमाबुबाको आय अपर्याप्त हुन्छ, बच्चाहरूलाई पनि योगदान दिनु पर्छ। शिक्षाको अभावले उनीहरू पनि यही चक्र दोहोर्याउने नै छन्।"

किसान जगत नारायण मेहता: "मलाई पनि मजदूर चाहिन्छ, तर बालीको मूल्य कम, खर्च बढी। म उनीहरूलाई राम्रो तलब दिन सक्दिनँ। सरकारले बालीको मूल्य निश्चित गरेर, बीउ-मल सहुलियतमा दिए मात्रै यो समस्या हल हुन्छ।"

वडाध्यक्ष: "गाउँमा स्वास्थ्य चौकी छ तर डाक्टर छैन, दबाइ पनि सधैं उपलब्ध हुँदैन। बाढी बचावको लागि पनि ठूलो योजना छैन। केन्द्र सरकारबाट आएको बजेट सीमित छ, सबै क्षेत्रमा खर्च गर्न गारो हुन्छ।"

**माध्यमिक तथ्याङ्क (Key Statistics):**

नेपालमा कृषि मजदूरहरूको कूल सङ्ख्या: ९,६९,००० (पुरुष: ४,१२,०००; महिला: ५,५७,०००) - (कृषि जनगणना २०२१/२२)।

सप्तरी जिल्लामा कृषि मजदूर सङ्ख्या: ९,४७३।

कृषि क्षेत्रको न्यूनतम दैनिक मजदुरी (सरदर): रु. ५०० (तर व्यवहारमा यो पनि अनियमित छ)।

कृषि जीडीपीमा योगदान: लगभग २७%।

महिला-पुरुष ज्याला अनुपात (कृषि): ०.९ (राष्ट्रिय श्रमिक महासङ्घ, २०२५)।

यी सबै जानकारीहरूलाई नोटबुक र डायरीमा व्यवस्थित गरिएको थियो।

## ८. जानकारी, तथ्याङ्क, सूचना प्रस्तुति

सङ्कलित प्राथमिक र माध्यमिक जानकारीहरूलाई विश्लेषण गर्दा निम्नलिखित प्रमुख निष्कर्षहरू देखिए:

**आर्थिक अवस्था र जीविका चक्र:**

- मौसमी आय र अनिश्चितता।
- न्यून र असमान मजदुरी: दैनिक मजदुरी रु. ४०० देखि ६०० को बीचमा हुन्छ, जुन राज्य-निर्धारित न्यूनतम मजदुरीभन्दा पनि तल हुन सक्छ। महिलाहरूले पुरुषभन्दा रु. ५०-१०० कम पाउँछन्। ज्याला भुक्तानीमा ढिलाइ पनि सामान्य छ।
- ऋणको बोझ: अनिश्चित आयले गर्दा धेरै परिवार साहूकार वा स्थानीय ऋणदाताहरूबाट ऋणको चक्र (Debt Cycle) मा फँस्छन्। उच्च ब्याजदर (कहिलेकाहीं ३६% सम्म) ले उनीहरूलाई गरीबीको कीचडमा अझ गहिरो धकेल्छ।
- वैकल्पिक आयको अभाव: कृषि बाहेक स्थानीय स्तरमा स्थायी वैकल्पिक रोजगारी (जस्तै सानो उद्योग, सेवा क्षेत्र) को अभाव छ। युवाहरू पलायनमा निर्भर छन्।

**सामाजिक-सांस्कृतिक स्थिति:**

- जातिगत भेदभाव र हाशियाकरण: अध्ययन क्षेत्रका अधिकांश मजदूर दलित (विशेष गरी मुसहर) समुदायका छन्। उनीहरूले सामाजिक भेदभाव (जस्तै साझा खाना पानीमा हेरहेर), अश्लील टोकाइ र 'निम्न काम' को लागि सीमित सामाजिक भूमिकामा बाँधिएको महसुस गर्छन्।
- शिक्षाको न्यून पहुँच: मजदूर परिवारका बच्चाहरू, विशेष गरी किशोरावस्थामा, आर्थिक अभावका कारण स्कुल छोड्न बाध्य हुन्छन् ताकि परिवारलाई आर्थिक सहयोग गर्न सकुन्। वयस्क शिक्षा र सीप विकास कार्यक्रमहरूको अभाव छ।
- महिला मजदूरहरूको दोहरो बोझ: महिलाहरूले खेतमा काम गर्नुको साथै घरको सबै घरेलू काम, बाल हेरचाह र बृद्ध हेरचाहको जिम्मेवारी पनि वहन गर्छन्। तैपनि उनीहरूको श्रमलाई कम मूल्याङ्कन गरिन्छ र निर्णय प्रक्रियामा उनीहरूको आवाज सुनिँदैन।

**स्वास्थ्य र सुरक्षा:**

- शारीरिक स्वास्थ्य जोखिम: लामो समयसम्म झुकेर काम गर्नु, भारी बोक्नु, कीटनाशकको प्रत्यक्ष सम्पर्क आदिका कारण मांसपेशी-हड्डी समस्या (कम्मर दुखाइ, घुँडा दुखाइ), चर्मरोग, श्वासप्रश्वास समस्या र आँखा सम्बन्धी रोगहरू सामान्य छन्।
- मानसिक स्वास्थ्य चुनौती: आर्थिक तनाव, कामको अनिश्चितता, भविष्यको डर र सामाजिक भेदभावले मानसिक तनाव, चिन्ता र निराशा जस्ता समस्याहरूलाई जन्म दिएको छ। तर मानसिक स्वास्थ्य सेवाको बारेमा जानकारी नै छैन।

- स्वास्थ्य सेवामा पहुँचको अभाव: नजिकै प्राथमिक स्वास्थ्य केन्द्र छ तपनि डाक्टर, दवाइ र परीक्षण सुविधाको नियमित उपलब्धता छैन। चिकित्सा खर्च उनीहरूको लागि अत्यन्त भारी पर्दछ, जसले ऋण लिनु वा उपचार नगर्नुको कारण बन्छ।

**जलवायु परिवर्तन र कृषि अभ्यास:**

- बढ्दो जोखिम: बाढी र खडेरीको बारम्बारता र तीव्रतामा वृद्धि भएको छ। बाढीले खेत बगाउँछ, खडेरीले बाली सुकाउँछ। यसले मजदूरहरूको कामको अवधि घटाउँछ र आयमा ठूलो झट्का दिन्छ।
- सीमित अनुकूलन क्षमता: आधुनिक सिँचाइ प्रविधि, बाढी बचाव उपाय वा जलवायु-प्रतिरोधी बालीका बारेमा जानकारी र पूँजीको अभावले उनीहरूले परम्परागत अभ्यासमै अडिग रहनु परेको छ, जुन अहिले अधिक जोखिमपूर्ण छ।
- कीटनाशकको निर्भरता: उत्पादन बढाउन र कीट नियन्त्रण गर्न रासायनिक कीटनाशकको प्रयोग बढेको छ, तर उचित सुरक्षाका उपाय (मास्क, दस्ताना) बिनाको प्रयोगले स्वास्थ्यलाई ठूलो हानि पुर्‍याइरहेको छ।

**९. विश्लेषण**

सङ्कलित तथ्याङ्क र सूचनाहरूको गहन विश्लेषणले कृषि मजदूरहरूको संकटलाई संरचनात्मक असमानता (Structural Inequality) को उदाहरणको रूपमा प्रस्तुत गर्दछ। यहाँ प्रमुख विश्लेषणात्मक बुँदाहरू प्रस्तुत छन्:

- **गरीबीको बहुआयामी चक्र:** यहाँ गरीबी केवल आयको कमी होइन, बरु एउटा बहुआयामी चक्र हो। कम आय ले शिक्षाको अभाव ल्याउँछ, जसले नयाँ सीप सिक्ने र उत्पादकता बढाउने क्षमता घटाउँछ, जसले आय बढ्न दिँदैन, र आय नबढ्दा स्वास्थ्य सेवामा पहुँच हुँदैन, जसले रोगले थप खर्च थप्छ, जसले ऋण बढाउँछ, जसले गरीबी बढाउँछ। यस चक्रलाई तोड्न बाहिरबाट ठूलो हस्तक्षेप आवश्यक छ।
- **'अदृश्यता' को समस्या:** कृषि मजदूरहरू, विशेष गरी महिला र दलित मजदूर, आर्थिक र सामाजिक रूपमा अदृश्य (Invisible) छन्। उनीहरूको श्रम राष्ट्रिय आय गणनामा समावेश हुन्छ, तर उनीहरूको अधिकार, सुरक्षा र कल्याणका लागि राज्यको नीति र बजेट आवण्टनमा उनीहरू प्रायः छुटाइन्छन्। औपचारिक श्रम कानूनको पहुँच कृषि क्षेत्रसम्म सजिलैसँग पुग्दैन।
- **जाति, वर्ग र लिङ्गको अन्तर्विभाजन (Intersectionality):** अधिकांश कृषि मजदूरहरू दलित जाति (Caste), गरीब वर्ग (Class) र महिला लिङ्ग (Gender) को अन्तर्विभाजन (Intersection) मा बस्छन्। यसले उनीहरूलाई तीन तहको भेदभाव र हाशियाकरणको सामना गर्न बाध्य पार्छ। एउटा पक्षमा मात्र (जस्तै आर्थिक) हस्तक्षेप गर्दा पनि अर्को पक्ष (जस्तै जातिगत भेदभाव) ले त्यस हस्तक्षेपको फाइदा पुग्नबाट रोक्न सक्छ।
- जलवायु न्याय (Climate Justice) को प्रश्न: जलवायु परिवर्तनबाट हुने नकारात्मक प्रभाव (बाढी, खडेरी) को सबैभन्दा ठूलो मूल्य कृषि मजदूर जस्ता सबैभन्दा भेद्य समूहहरूले तिर्न बाध्य छन्, जबकि उनीहरू वैश्विक उष्णता बढाउनमा न्यूनतम योगदान दिएका छन्। यो जलवायु अन्याय (Climate Injustice) को स्पष्ट उदाहरण हो। उनीहरूलाई न केवल अनुकूलन (Adaptation) को साधन चाहिन्छ, बरु क्षतिपूर्ति (Compensation) र न्याय (Justice) पनि चाहिन्छ।
- शहरी-ग्रामीण विभाजन र पलायन: कृषि क्षेत्रको यो दुर्दशा नै युवा पुस्ताको बलियो पलायन (Forced Migration) को प्रमुख कारण हो। यसले गाउँमा बृद्ध र महिला मात्र बाँकी रहने (Feminization and Aging of Agriculture) र सामाजिक संरचनाको क्षय हुन्छ। पलायन गएका युवाहरू पनि शहरमा असुरक्षित र कम आयदायी काममा सीमित हुन्छन्, जसले पलायनलाई पनि समाधान बनाउँदैन।

**१०. निचोड**

यस अनुसन्धान प्रतिवेदनको निचोडमा भन्नुपर्दा, सप्तरी जिल्लाको अग्निसाइर कृष्णासवरन गाउँपालिकामा रहेका कृषि मजदूरहरूको जीवन स्तर र शैली नेपालको ग्रामीण वास्तविकताको एउटा कडुवा तर सत्य प्रतिबिम्ब हो। उनीहरूको जीवन

एउटा सन्तुलनको कला हो – अनिश्चित आय र निश्चित ऋणबीचको, कठोर श्रम र नाजुक स्वास्थ्यबीचको, सामाजिक भेदभाव र मानवीय गरिमाको दावीबीचको, र प्रकृतिको कृपा र प्रकोपबीचको सन्तुलन।

यो अध्ययनले प्रमाणित गरेजस्तै, कृषि मजदूरहरू केवल 'गरीब' होइनन्; उनीहरू लचिला (Resilient), साहसी (Courageous) र अटल (Persistent) व्यक्तित्वहरू हुन् जसले असाध्यै कठिन परिस्थितिमा पनि आफ्नो र परिवारको अस्तित्व कायम राख्न संघर्ष गर्दछन्। तर उनीहरूको लचिलापनमाथि नै देशको खाद्य सुरक्षा टाँसिएको छ भन्ने कुरालाई राज्यले व्यवस्थित रूपमा उपेक्षा गरेको छ। उनीहरूको श्रमलाई 'अदृश्य' बनाउने र उनीहरूको अधिकारलाई 'वैकल्पिक' ठहर गर्ने प्रवृत्तिले नै यो संकटलाई स्थायी बनाएको छ।

### ११. निष्कर्ष

यस गम्भीर अनुसन्धानको आधारमा निम्नलिखित ठोस निष्कर्षहरू तथा व्यावहारिक सुझावहरू प्रस्तुत गरिन्छ:

- **बहुआयामी गरीबी र भेद्यता:** अग्निसाइर कृष्णासवरनका कृषि मजदूरहरू आर्थिक असुरक्षा (मौसमी र न्यून आय, ऋणको बोझ), सामाजिक हाशियाकरण (जाति र लिङ्ग आधारित भेदभाव), स्वास्थ्य जोखिम (शारीरिक र मानसिक), र वातावरणीय भेद्यता (जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव) को जटिल जालमा फसेका छन्। यी समस्याहरू एक-अर्कासँग जोडिएर गरीबीको दुश्चक्र सिर्जना गरेका छन्।
- **श्रम बजारको अनौपचारिकता र शोषण:** कृषि श्रम बजार अत्यधिक अनौपचारिक (Informal) र असंगठित (Unorganised) छ। यसले न्यूनतम मजदुरी कानूनको उल्लङ्घन, महिला-पुरुष ज्याला असमानता, सामाजिक सुरक्षा (बिमा, पेन्सन) को पूर्ण अभाव र शोषणकारी सर्तहरू (लामो कार्य घण्टा, सुरक्षा उपकरणको अभाव) लाई जन्म दिएको छ।
- **सामाजिक संरचनाको भूमिका:** जातिगत व्यवस्था ले दलित समुदायहरूलाई ऐतिहासिक रूपमा कृषि मजदूरीमा सीमित गरेको छ र यो प्रवृत्ति आज सम्म कायम छ। साथै, पितृसत्तात्मक मान्यताहरू ले महिला मजदूरहरूलाई दोहरो-तिहरो बोझ तिर्न बाध्य बनाएको छ।
- **जलवायु परिवर्तनले थपेको संकट:** बाढी र खडेरी को बढ्दो बारम्बारता र तीव्रताले कृषि कार्य अनिश्चित बनाएको छ, मजदूरहरूको रोजगारी अवधि घटाएको छ र आयमा ठूलो झट्का दिएको छ। उनीहरूसँग यस अनुकूलन गर्ने संसाधन र ज्ञान दुवैको अभाव छ।
- **सेवा पहुँचको गम्भीर अभाव:** गुणस्तरीय शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, साफा पानी, स्वच्छता र सीप विकास को कार्यक्रमहरूमा उनीहरूको पहुँच न्यून छ, जसले उनीहरूको मानवीय पूँजी विकास र जीवन स्तर उकास्न अवरोधक बनेको छ।

### १२. थप अध्ययनका लागि सुझाव

भविष्यका अनुसन्धानकर्ताहरूले निम्न क्षेत्रहरूमा थप अनुसन्धान गर्न सक्छन्:

- जलवायु परिवर्तन र कृषि मजदूरहरूको आजीविकामा प्रभाव: विभिन्न कृषि-जलवायु क्षेत्रहरूमा जलवायु परिवर्तनले कृषि मजदूरहरूको रोजगारी, आय र पलायन निर्णयमा पारेको प्रभावको तुलनात्मक अध्ययन।
- महिला कृषि मजदूरहरूको अदृश्य श्रमको आर्थिक मूल्याङ्कन: घरेलू श्रम र सामुदायिक कार्यसहित महिला कृषि मजदूरहरूले पुर्‍याउने कुल श्रमको राष्ट्रिय आयमा योगदानको मात्रात्मक अनुमान गर्ने अध्ययन।
- सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयन र प्रभावकारिता: कृषि मजदूरहरूका लागि चलाइएका विभिन्न सामाजिक सुरक्षा योजनाहरू (जस्तै: बुढापाको भत्ता, दुर्घटना बिमा) को पहुँच, चुनौती र प्रभावको मूल्याङ्कन गर्ने अध्ययन।
- प्रविधि र नवीनताले कृषि मजदूरहरूको उत्पादकता र आयमा पारेको असर: ड्रिप सिँचाइ, सोलार पम्प, मोबाइल एप्स जस्ता प्रविधिहरू अपनाउँदा मजदूरहरूको कार्य स्थिति र आयमा आएको परिवर्तनको अध्ययन।

- कृषि मजदूरहरूको संगठन शक्ति र सामूहिक सौदाकारी: विभिन्न क्षेत्रमा सफलतापूर्वक सञ्चालन भएका कृषि मजदूर सहकारी वा सङ्घहरूको केस स्टडी गरी तिनको सफलताका कारकहरू र अन्य क्षेत्रमा प्रतिकृति (Replication) गर्ने सम्भाव्यताको अध्ययन।

**१३. सन्दर्भ सामग्री**


- अग्निसाइर कृष्णासवरन गाउँपालिका. (२०२५). गाउँपालिका प्रोफाइल.
- अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO). (२०२३). ग्रामीण श्रमिकहरूको अधिकार प्रतिवेदन (Rural Workers' Rights Report).
- नेपाल सरकार, कृषि र पशुपालन मन्त्रालय. (२०२४). नेपाली कृषिको सांख्यिकीय सूचना.
- राष्ट्रिय श्रमिक महासङ्घ नेपाल. (२०२५). हालको श्रम परिदृश्य (Current Labour Scenario).
- विश्व बैंक. (२०२२). नेपालमा ग्रामीण गरीबी: चुनौतीहरू र अवसरहरू (Rural Poverty in Nepal: Challenges and Opportunities).
- विश्व बैंक. (२०२५). नेपाल विकास अपडेट (नोभेम्बर २०२५).
- केन्द्रीय तथ्याङ्क विभाग. (२०२४). नेपाल कृषि जनगणना २०२१/२२ को प्रतिवेदन.
- गंगाराम मेहताद्वारा सङ्कलित स्थानीय अन्तर्वार्ता र अवलोकन नोटहरू, अग्निसाइर कृष्णासवरन, सप्तरी। (२०८२)।


* गंगाराम मेहता रूपनगर नन्दराज संग्रौला क्याम्पसमा बिबिएस (बिए) चौथो वर्षका छात्र हुन्।

प्रतिवेदन स्रोत: रूपनगर क्याम्पस फिचर सेवा